सधैं र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

♦ वर्ष ८ ♦ अंक ३६० ♦ २०८२ साल साउन २९ गते विहिवार ♦ 14 Aug 2025 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com

## मटिहानीको एक पोखरीमा डुबेर १४ वर्षीया बालिकाको मृत्यु



**धर्वेन्द्रकुमार यादव 'यदुवंशी'**

**साउन २८ गते, बर्दिवास**

मटिहानी नगरपालिका-९, सीमरदहीस्थित एक पोखरीमा डुबेर १४ वर्षीया बालिकाको ज्यान गएको छ। स्थानीय प्रकाश पासवानका नातिनी तथा राजकिशोर पासवानकी छोरी मधु पासवानको बुधबार दिउँसो पोखरीमा डुबेर मृत्यु भएको हो। परिवारका सदस्यलाई खेतमा खाना पुर्‍याउन गएकी मधुको खेत छेउमै रहेको पोखरीको किनारमा खुट्टा चिप्लिएर डुबेको बताइएको छ। घटनापछि स्थानीयले तत्कालै सशस्त्र प्रहरी बल र नेपाल प्रहरीलाई खबर गरेका थिए। तर बालिकालाई बचाउन सकिएन । सुरक्षाकर्मीहरुले घटनास्थलमा पुगेर शवलाई पोखरीबाट निकालेका थिए ।
मृतकको शव पोष्टमार्टमका लागि जलेश्वरस्थित प्रादेशिक अस्पताल पठाइएको प्रहरीले जनाएको छ। स्थानीय बासिन्दा र परिवारजनलाई यस घटनाले ठूलो शोकमा पारेको छ। प्रहरीले घटनाबारे थप अनुसन्धान गरिरहेको जनाएको छ।

## धनुषामा गोली प्रहार गरी दुईजना लागुऔषध कारोबारी पक्राउ





**खबर दर्पण समाचारदाता**

**साउन २८ गते, बर्दिवास**

धनुषामा गोली प्रहार गरी प्रहरीले दुई जना लागुऔषध कारोबारीलाई पक्राउ गरेको छ। पक्राउ पर्नेमा मिथिला नगर पालिका-६ ढल्केबर बस्ने अन्दाजी ४८ वर्षीय पप्पु साह र बारा जिल्ला घर भई हाल धनुषाको हंसपुर नगरपालिका-५ निकाल बस्ने अन्दाजी २८ वर्षीया सेलोदेवि राम रहेको प्रहरीले जनाएको छ॥ उनिहरुलाई बुधबार मिथिला नगरपालिका-२ नक्टाभिजबाट प्रहरीले गोली प्रहार गरी नियन्त्रणमा लिएको हो ।
पक्राउहरुको साथबाट प्रहरीले दुई सय ग्राम ब्राउन सुगर बरामद गरेको धनुषाका डीएसपी बरुणबहादुर सिंहले जानकारी दिनुभयो । डीएसपी सिंहका अनुसार प्रहरीले गोप्य सूचनाको आधारमा चेक गर्दा बा.८७ ना.९६७ नम्बरको मोटर साइकलमा सवार भएको मानिसहरु भाग्न खोजे पछि प्रहरीले दुई राउण्ड गोली प्रहार गरेको थियो ।
प्रहरीले एक राउण्ड हवाई फायर गर्दा पनि उनिहरु नरोकीएपछि अर्को राउण्ड प्रहार गर्दा गोली पप्पुको खुट्टामा लागेको छ । उनको जानकी मेडिकल कलेज रमदैयामा उपचार भइरहेको छ । लागुऔषध नियन्त्रण ब्युरो र इलाका प्रहरी कार्यालय महेन्द्रनगरबाट खटिएको प्रहरी टोलीले नियन्त्रणमा लिएको डीएसपी सिंहले बताए।
पक्राउ परेका उनीहरू मध्ये पप्पु यसअघि दुई पटक कारागार चलान भएका व्यक्ति रहेको पाइएको ब्युरोका एसएसपी कृष्ण कोइरालाले जानकारी दिए ।
यसअघि २०६१ सालमा ब्युरोले नै उनलाई लागुऔषधको कसुर मा मुद्दा चलाएको थियो । त्यतिबेला उनी पाँच वर्ष कार ागार बसेर छुटेका थिए ।
त्यसपछि २०७९ सालमा प्रहरी वृत्त थानकोटलाई उनलाई लागुऔषधकै कसुरमा मुद्दा चलाएको थियो।१३ जेठ २०७९ मा पक्राउ परेका उनी २ वर्ष कैद बसेर करिब ९ महिनाअघि मात्रै छुटेका थिए ।
त्यसपछि फेरि लागुऔषध कारोबारमा संलग्न रहेको प्रहर ीको भनाइ छ ।
ब्युरोका इन्स्पेक्टर रोकश यादव, वरिष्ठ सई बालकृष्ण सन्जेलसहितको टोली ब्युरोबाट खटिएको थियो । उक्त टोलीले पक्राउ गर्ने क्रममा आक्रमणको प्रयास गर्दै भाग्न खोजेपछि गोली चलाएर नियन्त्रणमा लिइएको बताइएको छ ।
पप्पुबाट १०८ ग्राम र सेलोदेवीबाट १०० ग्राम खैरो हेरोइनले तौलने डिजिटल तराजु समेत बरामद भएको छ ।



## प्रधानमन्त्री ओली जनकपुरधाम आउनुहुँदै

**खबर दर्पण समाचारदाता**

**साउन २८ गते, बर्दिवास**


मधेश प्रदेश प्रहरी कार्यालयको नवनिर्मित भवन उद्घाटनका लागि प्रधानमन्त्री केपी शर्मा ओली शुक्रबार जनकपुरधाम आउन लाग्नुभएको छ। जनकपुर धाममा अवस्थित प्रदेश प्रहरी कार्यालयको नवनिर्मित भवन उद्घाटनका लागि प्रधानमन्त्री ओली साउन ३० गते जनकपुर धाम आउन लाग्नुभएको हो । करिब २३ करोड १० लाख ४३

*बाँकी पृष्ठ २ मा*

शिरीष अफसेट प्रेस

बर्दिवास नगरपालिका-१ राष्ट्रिय वाणिज्य बैंक नजिकै), महोत्तरी

✓ पत्रिका
✓ क्यालेण्डर
✓ रजिष्टर, डाइरी
✓ किताब
✓ परीक्षा कपी
✓ पर्चा पम्पलेट
✓ बिल, भाउचर,



✓ स्क्रिन प्रिन्ट
✓ विवाह कार्ड
✓ प्रमाण पत्र
✓ भिजिटिङ्ग कार्ड
✓ झोला प्रिन्ट
✓ रबर स्टाम्प



✓ फ्लेक्स प्रिन्ट
✓ ब्यानर प्रिन्ट
✓ होर्डिङ्ग बोर्ड
✓ स्टिकर
फाइल



साथै होम डेलिभरीको सुविधा छ ।

सम्पर्क नम्बरः ९८४४०२५१८४, ९८०७६७५१२५, ९८१५८८९६८२

# सिरहा र धनुषा जिल्लाको सीमानामा रहेको कमला नदी पार गर्न बनाइएको बाँसको पुल बाढीले बगाएपछि डुङ्गाबाट आवागमन

**खबर दर्पण समाचारदाता**
**साउन २८ गते, बर्दिवास**

सिरहा र धनुषा जिल्लाको सीमानामा रहेको कमला नदी पार गर्न बनाइएको बाँसको पुल बाढीले बगाएपछि डुङ्गाबाट आवागमन सुरु भएको छ ।

केहि दिनदेखि भइरहेको वर्षाका कारण आएको बाढीले अस्थायी बाँसको पुल बगाएपछि अहिले नदी वारपारी गर्न दुई वटा डुङ्गा सञ्चालनमा छ ।

चार वर्ष अघि हुलाकी मार्ग सञ्चालनमा ल्याउन निर्माण भएको कमला पुल बाढीका कारण भासिएपछि वैकल्पमा बाँसको पुलबाट आवागमन गर्न स्थानीयहरु बाध्य हुँदै आइरहेका थिए ।

बाँसको पुल बनाउने र प्रत्येक वर्ष बाढीले बगाउने गरेकाले यस वर्षदेखि डुङ्गाको प्रयोग गर्न थालेका छन् । यस वर्ष बनाएको अस्थायी बाँसको पुलबाट आवतजावत गर्न मोटर साइकलले ५० रुपियाँ तिर्नुपर्छ भने व्यक्तिले २० रुपियाँ तिर्नुपर्छ ।

सिरहा नगरपालिका-५ बसबिटाका स्थानीय किसानहरुको खेती कमलापारी धनुषा जिल्ला कमलमाई नगर पालिकामा रहेकाले रोपाइँ गर्न र गाईभैँसीका लागि घाँस ल्याउन डुङ्गाको प्रयोग गर्न बाध्य छन् ।

५० वर्षीय धर्म देवी यादव भन्नुहुन्छ, "कमलामा पुल निर्माण हुँदै गर्दा खुसीले मन गदगद थियो । पुलको प्रयोग गर्न नपाउँदै पुल भासिएरपछि सारा सपना कमला नदीमै बग्यो । कहिले फेरि पुल निर्माण होला, कुनै टुङ्गो छैन । हाम्रो लागि त अकाशबाट खसे झैं भयो । यो पीडा कसलाई सुनाउने ?"

डुङ्गाबाट घाँससहित खेतिपातीको कामबाट फर्केका सिरहा बसबिटाका अन्य किसानहरुको पीडा पनि धर्म देवीकै जस्तो छ ।डुङ्गा चालक छेदी मुखियाले



बाँसको पुल बगाएपछि बाध्य भएर पुरानो डुङ्गा कमला नदी पार गराउन प्रयोग गरिरहेको बताउनुभयो । उहाँले डुङ्गामा मोटरसाइकल, साइकल घाँस र अन्य सामग्रीसहित मानिसलाई नदी पार गराउन जोखिम रहेको पीडा सुनाउनुभयो ।

"दुई वटा डुङ्गा मात्रै चलिरहेको यस कमला नदी पार गर्न मोटर साइकलको सय रुपियाँ र प्रति व्यक्ति ५० रुपियाँको दरले लिन्छन् । तर नदी पार गर्न करिब एक घण्टासम्म पालो पर्खनु पर्छ । डुङ्गा चढेर नदी पार गर्न पनि निकै डर छ ।" लाग्यो", जनकपुर जान लागेको बिनोद यादवले भन्नुभयो । पुल पुनर्निर्माणका लागि सिरहा नगर पालिकाको युवाहरुले मधेश प्रदेशका मुख्यमन्त्री कार्यालयमा गत वर्ष अनसनमा समेत बसेको थिए । पुलको पुनर्निर्माण मधेश प्रदेश सरकारले गर्न नमिल्ने भएकाले अर्को स्थानमा पुलर्निर्माणको डिपिआर तयार गर्न मधेश सरकारले यस आर्थिक वर्षमा एक करोड विनियोजन गरेको छ ।

पुल भासिएको चार वर्षमा प्रधानमन्त्री केपी शर्मा ओली, पूर्व प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' विभागीय मन्त्रीहरुको अवलोकन गर्दा समेत पुलको पुनर्निर्माण नभइर हेकाले ठुलो सास्ती भोगिरहनु परेको सिरहा नगरपालिका -५ का वडाध्यक्ष जागेश्वर यादवले बताउनुभयो ।

करिब ४७० मिटर लामो ११ मिटर चौडाइ कमला पुल साढे तीन वर्षभित्रमा सम्पन्न गर्ने गरी २०६८ साल मङ्सिरमा २४ करोड ९१ लाखमा पप्पु विल्डर्स कन्ट्रक्शनले जिम्मा लिएको थियो । पटक-पटक म्याद थप्दा पनि पुल निर्माणको कार्य अघि नबढ्दा स्थानीयहरुले पुल निर्माणका लागि संघर्ष समिति बनाएर दबाब सृजना गर्दा हुलाकी राजमार्ग निर्देशनालयले पप्पु कन्ट्रक्शनबाट ठेक्का तोडेर २०७६ असोज १ मा लुम्बिनी विल्डर्स कन्ट्रक्शनसँग सम्झौता गरिएको थियो ।

२०७८ असार १३ गतेसम्ममा सम्पन्न गर्नेगरी निर्माण कार्य सम्पन्न गर्नेगरी कार्य तीव्र रुपमा अघि बढेको थियो । निर्माण कार्य सम्पन्न भएपछि उद्घाटनकका लागि तयारी भइरहेको समयमा २०७८ असार १७ गते आएको बाढीका कारण पुलको पूर्वी - पश्चिमी पाया भासिएको छ ।

## प्रधानमन्त्री ओली......

हजार ४०७ रुपियाँको लागतमा बनेको यो सुविधासम्पन्न भवनमा ६८ वटा कोठा छन् । गृह, सञ्चार तथा कानुन मन्त्रालयका प्रवक्ता गणेश नायकका अनुसार भवन निर्माणको जिम्मेवारी शिवालय सुवेदी जेभीलाई २०८० असोज १० गते दिइएको थियो, जसको सम्झौता अवधि २०८२ असार मसान्तसम्मको थियो । मन्त्रालयअन्तर्गत सो भवनको निर्माण कार्य समयमै सम्पन्न भएको मन्त्रालयका पदाधिकारी ले जनाउनुभएको छ ।

भवन निर्माण सम्पन्न भएपछि प्रहरी प्रशासनिक कार्य दक्षता वृद्धि हुने, प्रदेशस्तरीय अपराध नियन्त्रण तथा अनुसन्धान क्षमतामा सुधार आउने र प्रहरी सेवाप्रति जनविश्वास बढ्ने अपेक्षा गरिएको छ ।

प्रधानमन्त्री ओलीको भ्रमणलाई दृष्टिगत गर्दै जनकपुरधाममा सुरक्षा व्यवस्था कडा पारिएको छ । कार्यक्रममा आवश्यक तयारी अन्तिम चरणमा पुगेको मधेश प्रदेश प्रहरी कार्यालयले जनाएको छ। प्रदेश प्रहरीलाई आफ्नै कार्यालय मिल्नु प्रदेशको सुरक्षा व्यवस्था सुदृढ गर्ने महत्वपूर्ण पूर्वाधारको रूपमा लिइएको छ । यसले प्रदेश स्तरीय अपराध नियन्त्रण, अनुसन्धान क्षमता र प्रहरी सेवामा जनविश्वास बढाउने अपेक्षा गरिएको छ ।

## पत्रकार कुटपिट घटनामा मानव ............

संवेदनशीलतालाई बेवास्ता गर्दै हातपात गरिएको तथ्य महासंघले आयोगलाई जानकारी दिएको छ ।

घटनाको सत्यतथ्य र छानबिन गर्न महासंघले आयोगसँग आग्रह गर्दै संवैधानिक सर्वोच्चता र कानुनी राज्यको मर्यादालाई कायम राख्ने, दोषी जोसुकै भएपनि कारबाहीको दायरामा ल्याउन सिफारिस गर्न आवश्यक रहेको बताए ।

आयोगका कर्मचारीहरूले आफूहरूले प्राप्त तथ्यांक र खोजबिन अनुसन्धान गर्दै तत्काल रिपोर्ट पेश गर्ने प्रतिबद्धता जाहेर गरेका छन् । यसैबीच मिडिया काउन्सिल मधेश प्रदेशका कार्यवाहक अध्यक्ष सुरेश यादवको नेतृत्वमा टोलीले पनि महासंघको कार्यालयमा गई घटनाका बारेमा विस्तृत जानकारी लिएको छ ।

कार्यवाहक अध्यक्ष यादव, आम सञ्चार प्राधिकरण मधेश प्रदेशका अध्यक्ष जितेन्द्र खड्गा र इन्सेक मधेश प्रदेश कार्यालय प्रमुख राजु पासमानको टोली प्रादेशिक अस्पताल जनकपुर धाममा गई घाइतेहरूसँग भेटघाट गरेर जानकारी संकलन गरेको थियो ।

नेपाल पत्रकार महासंघका केन्द्रीय सदस्य राजेश कुमार कर्ण, अध्यक्ष श्याम प्रसाद बन्जारा, सचिव हदिस खुददार र धनुषा शाखाका अध्यक्ष पुरन गुप्ता लगायतका पत्रकारहरूले घटनामा उपस्थित भएर घटनाको गम्भीरतालाई जोड दिएका छन् ।

यस घटनाले प्रेस स्वतन्त्रता, पेशागत मर्यादा र कानुनी शासनमाथि ठाडो चुनौती पुर्याएको भन्दै मानव अधिकार आयोग, मिडिया काउन्सिल र आम सञ्चार प्राधिकरणले दोषीलाई तत्काल कानुनी कारबाहीको दायरामा ल्याउन पहल जारी राख्ने प्रतिबद्धता जनाएको छ ।

## ☎☎ आवश्यक टेलिफोन नम्बरहरु ☎☎

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिंग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बच्छार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### वर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास नगरपालिका | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| इलाका प्रशासन कार्यालय वर्दिवास | ५५०६६८ |
| IRDs समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# जनकपुरमा मुटुरोगसम्बन्धी अस्पताल खुल्दै

**खबर दर्पण समाचारदाता**

**साउन २८ गते, जनकपुरधाम**



मधेशको राजधानी जनकपुर धाममा पहिलो पटक मुटुरोग सम्बन्धी सम्पूर्ण सेवा प्रदान गर्ने उद्देश्यसाथ सुविधा सम्पन्न आरोग्य निकेतन अस्पताल सञ्चालनमा आउन लागेको छ ।

अस्पताल सञ्चालन विषयमा बुधबार जनकपुरधाममा आयोजना गरिएको पत्रकार सम्मेलनमा उक्त अस्पतालका अध्यक्ष डा. गोराङ्ग मिश्राले निजिस्तरवाट जम्मा २० कर ोडको लगानीमा बिहीबारबाट सञ्चालनमा आउन लागेको अस्पतालको एक कार्यक्रमबिच मधेश प्रदेशका मुख्यमन्त्री सतिशकुमार सिंहले उद्धाटन गर्ने कार्यक्रम रहेको जानकारी दिनुभयो ।

सय वेड क्षमताको उक्त अस्पतालमा मुटु रोगसम्बन्धी सेवासहित अन्य सेवाहरु दक्ष चिकित्सकबाट प्रदान गरिने उहाँले बताउनुभयो । उहाँले अस्पतालमा सरसफाईदेखि अस्पालबाट प्रदान हुने सेवाबाट नागरिक सन्तुष्ट हुने बताउनुभयो ।

अध्यक्ष डा. मिश्राले मुटु रोगको समयमा उपचार नहुँदा दिनहु दर्जनौ मान्छे मर्ने गरेको र जनकपुरधाम मधेश प्रदेशको र ाजधानी हुँदा पनि विस्तृत मुटु परीक्षणको अवस्था यस क्षेत्रमा नरहेको कारण पनि धेरैजसो मान्छे विरामी पर्दा उपचारकै अभावमा ज्यान गुमाउनु परेका कारण पनि यस क्षेत्रमा मुटु रोगसम्बन्धी सेवा प्रदान गर्ने उद्देश्यले अस्पताल सञ्चालनमा आउन लागेको बताउनुभयो ।

भवन निमार्णमा ८ करोड र उपकरण खरिदमा १२ करोडको लगानी रहेको उक्त अस्पतालले स्वास्थ्य क्षेत्रको समस्या समाधानका लागि ठुलो मद्दत पुग्ने विश्वास व्यक्त गर्नुभयो । उपचार गराउने विरामीसँग अस्पताल प्रशासनले राम्रो व्यवहार गर्नुको साथै हाम्रो समाजलाई सुहाउने किसिमले अस्पतालबाट प्रवाह हुने सेवाको शुल्क निर्धारण हुने बताउनुभयो ।

# दुर्घटनामा ज्यान गुमाएका दम्पत्तिको एउटै चितामा अन्त्येष्टि

**खबर दर्पण समाचारदाता**

**साउन २८ गते, सप्तरी**

सप्तरीमा सवारी दुर्घटनामा ज्यान गुमाएका दम्पत्तिको एउटै चितामा अन्त्येष्टि गरिएको छ। उपचारका लागि विराटनगर जाने क्रममा सप्तरीको तिरहुत गाउँपालिका-३ गोइठीका ६० वर्षीय सेवा निवृत्त अमिन जिवछ महात्मा र उनकी ५२ वर्षीया श्रीमती अनारदेवी यादवको मृत्यु भएपछि मङ्गलबार एउटै चितामा अन्त्येष्टि गरिएको परिवारको सदस्य शुशिला यादवले जानकारी दिनुभएको छ ।

राजविराजबाट विराटनगरतर्फ जाँदै गरेको प्र २-०१-००१ ज ००४७ नम्बरको विंगर र काँकडभिट्टाबाट खोटाङको दिक्तेलतर्फ जाँदै गरेको मे १ ख १७९९ नम्बरको बस सोमबार एक आपसमा ठोक्किँएर दुर्घटना भएको थियो ।

दुर्घटनामा परी श्रीमतीको घटनास्थलमै मृत्यु भएको थियो भने उपचारको क्रममा अस्पतालमा सोही दिन श्रीमानको मृत्यु भएको थियो । दुर्घटनामा महादेवा गाउँपालिका- ६ का ३५ वर्षीय शंकर मण्डल, विराटनगर महानगरपालिका-१० का ४० वर्षीय अशोक यादव, सुनसरीको कोशी गाउँपालिका-६ बस्ने ७० वर्षीय लक्ष्मण सदा गरी पाँच जनाको मृत्यु भएको थियो भने २३ जना घाइते भएका थिए ।


## भुसंरक्षण गरौं ।

**भू-संरक्षणका उपायहरू:**

- ❖गोरेटो बाटो बनाउँदा सिढी बनाऔं,
- ❖खेती गर्दा गहरा बनाइ गरौं,
- ❖भूक्षय रोक्ने रुख, घाँस (अम्रिसो, बाँस) जस्ता बोटविरुवा रोपौं,
- ❖बिना अनुमति गिट्टि, बालुवा, माटो, ढुङ्गा उत्खनन नगरौं,
- ❖सकेसम्म माटोमा रासायनिक मलको प्रयोग नगरौं,
- ❖पानी संरक्षणका उपायहरू अपनाऔं,
- ❖स्थानीय जैविक खेती, कृषि वन विधि अपनाऔं ।

**"माटो बचाऔं, भविष्य जोगाऔं।"**

बलवा नगरपालिका, महोत्तरी

## युवा सशक्तिकरण गरौं ।

**युवा सशक्तिकरण किन:**

- ❖नेपाली युवालाई सवल, प्रतिस्पर्धी र आत्मनिर्भर बनाउन,
- ❖राज्यका हरेक अंङ्गमा सार्थक सहभागिता सुनिश्चित गर्न,
- ❖स्वस्थ, कर्मठ र उद्यमी युवाअधिकार सुनिश्चित गर्न,
- ❖कर्तव्य प्रति सचेत युवाजनशक्ति निर्माण गर्न,
- ❖समावेशी र सशक्त युवा नेतृत्वको विकास गर्न,
- ❖नेपाललाई आधुनिक, न्यायपूर्ण र समृद्ध राष्ट्र बनाउन।

मिथिला नगरपालिका, धनुषा

## बाढी र पहिरोबाट सचेत होऔं ।

**बाढी र पहिरो आउनुअघि:**

- ❖स्थानीय रेडियो वा अन्य माध्यमबाट मौसमको जानकारी लिऔं,
- ❖खोला, नदी तथा जोखिमपूर्ण ठाउँबाट सुरक्षित स्थानमा जाऔं,
- ❖घरको नजिक पहिरो खस्न सक्ने ठाउँ भए सावधानी अपनाऔं,
- ❖आपतकालीन झोला (प्राथमिक उपचार सामग्री, टर्चलाइट, खानेकुरा, लुगाफाटालगायत) तयार राखौं,
- ❖जोखिममा परेका बालबालिका, वृद्धवृद्धा र अपाङ्गता भएका व्यक्तिहरूलाई प्राथमिकता दिऔं ।

**बाढी र पहिरो आएमा:**

- ❖अनावश्यक हिडडुल नगरौं,
- ❖सुरक्षित स्थानतर्फ जाऔं,
- ❖विजुलीका लाइन वा पोलहरूबाट टाढा रहौं,
- ❖खोलानाला सुरक्षित तवरले पार गरौं,
- ❖अफवाह नफैलाऔं, सत्य सूचना मात्र आदान–प्रदान गरौं,
- ❖घाइते वा फसेका व्यक्तिको उद्धारमा सहयोग गरौं ।

मटिहानी नगरपालिका, महोत्तरी

## चट्याङबाट बच्न निम्न उपाय अपनाऔं ।

**घरबाहिर हुँदा**

- ❖आकाशमा बिजुली चम्किदा, गड्याङगुडुङ्ग हुँदा घरभित्र जाऔं,
- ❖नजिकै घर नभए ओतमा बसौं,
- ❖रुख वा बिजुलीको पोलमुनि नबसौं,
- ❖छाता नओढौं,
- ❖खेतबारीमा काम नगरौं,
- ❖कुनै ओत नभए दुबै हातलाई टाउकोमाथि राखी निहुरिएर कुर्कुच्चा जोडी थुचुक्क बसौं,
- ❖ भूँइमा लम्पसार परेर नसुतौं।

**घरभित्र हुँदा**

- ❖टिभी र कम्प्युटरजस्ता बिजुलीबाट चल्ने उपकरण नचलाऔं, विजुलीका स्वीच अफ गरौं,
- ❖त्यस्ता उपकरण विजुलीको प्लगबाट छुटाऔं,
- ❖तारवाला फोन प्रयोग नगरौं, मोवाइल स्वीच अफ गरौं,
- ❖नुहाउने, लुगा धुने वा भाँडा माझ्ने काम नगरौं,
- ❖झ्याल, भर्‍याङ, बरन्डालगायतका ग्रिल र बार नछोऔं,
- ❖ भित्ता वा झ्यालमा अडेस लागेर नबसौं ।

औरही नगरपालिका, महोत्तरी

## जानकी एकेडेमीक हस्पिटल प्रा.लि.

**Hot line number**
९८५४०२१३९५, ९७४८४५७४९०

**रामगोपालपुर-९ पर्सा देवाड (महोत्तरी)**

**मधेस प्रदेश मै पहिलो पटक विभागिय विशेषज्ञ डाक्टरहरुद्वारा विरामीहरुको उपचार २४ सै धण्टा सेवा उपलब्ध गराउने पहिलो संस्था जानकी एकेडेमिक हस्पिटल प्रा.लि आफनो सम्पूर्ण सेवाहरु सुरु गरिसकेको सहर्ष जानकारी गराउदछौ ।**

- सम्पूर्ण इमरजेन्सी अप्रेशनहरु २४ औ घण्टा
- दैनिक OPD सेवा ९ देखि ४ बजे सम्म
- चोटपटक तथा दर्घटनामा परी हाडहरु भाचिएकाहरुलाई C-Arm मेशिनद्वारा
- अत्याधुनिक तरिकाले प्लाष्टर गर्नुको साथै विना ठूलो चिरफार गरी अप्रेशन
- अति शिकिस्त नवजात शिशुहरुको लागि NICU व्यवस्था

स्नायु तथा मानसिक रोग र नाक, कान तथा ३द्दीको रोग प्रत्येक महिनाको पहिलो हप्ता

- २४ सै घण्टा नर्मल डेलिभरी , आवश्यक अनुसार LSCS अप्रेशन को सुबिधा ।
- पाठेघर सम्बन्धी हरेक समस्याको उपचार गर्नुको साथै अत्याधुनिक मेशिनद्वारा अप्रेशन सुबिधा ।
- पेट भित्र बच्चाको अवस्था जाँच्न CTG को व्यवस्था ।

# पत्रकारमाथि आक्रमणबारे अध्ययन गर्न महासंघद्वारा मिसन टोली गठन



**खबर दर्पण समाचारदाता**
**साउन २८ गते, बर्दिवास**

नेपाल पत्रकार महासंघ मधेश प्रदेश समितिले जग्गा संरक्षणका क्रममा भएको हुलदङ्गा र पत्रकारमाथिको आक्रमणबारे अध्ययन गर्न महासंघले केन्द्रीय मिसन टोली गठन गरेको छ।

महासंघको केन्द्रीय कार्यालयले केन्द्रीय लेखा समिति संयोजक केसी लामिछानेको संयोजकत्वमा केन्द्रीय सदस्य राजेशकुमार कर्ण र राजु विश्वकर्मालाई सदस्य बनाएर तीन सदस्यीय टोली गठन गरेको हो। महासचिव रामप्रसाद दाहालले विज्ञप्तिमार्फत टोलीले सबै पक्षसँग छलफल र परामर्श गरेर छिट्टै प्रतिवेदन पेश गर्ने जानकारी दिएका छन् । “प्रतिवेदनका आधारमा महासंघले आवश्यक कदम चाल्नेछ,” विज्ञप्तिमा उल्लेख छ ।

मंगलबार जनकपुरधाममा महासंघ मधेश प्रदेश समितिले कार्यालय भवन निर्माणका लागि कानुनी प्रक्रिया पूरा गरेर लिएको जग्गा संरक्षण गर्न घेराबार गर्ने क्रममा धनुषा जिल्ला बार अध्यक्ष विमल मिश्रको नेतृत्वमा आएको समूहले अवरोध पुऱ्याउँदै हुलदङ्गा गरेको थियो ।

घटनामा महासंघ प्रदेश अध्यक्ष श्याम बन्जारा, उपाध्यक्ष ज्योती झा, महासचिव शैलेन्द्र क्रान्ति, पत्रकार दिवाकर राय, अनिल निराला र विनिता यादवलगायतलाई शारीरिक आक्रमण गरिएको महासंघले जनाएको छ ।

महासंघका अनुसार जग्गा कब्जा गर्ने प्रयासका क्रममा भएको सो घटनाको कारण, दोषी पहिचान र कानुनी प्रक्रिया बारे स्पष्टता ल्याउन मिसन टोली खटाइएको हो ।

# पत्रकार कुटपिट घटनामा मानव अधिकार आयोगको अनुसन्धान



**खबर दर्पण समाचारदाता**
**साउन २८ गते, बर्दिवास**

नेपाल पत्रकार महासंघ मधेश प्रदेश कार्यसमितिका पदाधिकारी माथि नेपाल बार एसोसिएसन जनकपुरका केही पदाधिकारी र अधिवक्ताहरूले गरेको आक्रमणको घटनाबारे राष्ट्रिय मानव अधिकार आयोग मधेश प्रदेश कार्यालयले अनुसन्धान सुरु गरेको छ ।

जनकपुरधाम उपमहानगर पालिका वडा नम्बर-४ स्थित स्वर्गद्वारी नजिकको जग्गा गुठी संस्थान केन्द्रीय कार्यालयसँग भएको सम्झौता अनुसार प्राप्त गरेपछि पत्रकार सम्मेलन र त्यसपश्चात् जग्गामा तारको घेरा हाल्दा गरिएको आक्रमणबारे आवश्यक तथ्य बुझ्न आयोगको टोली घटनास्थल पुगेको हो ।

आयोगको टोलीमा मानव अधिकार अधिकृत किरण घिमिरे, राहुल कुमार ठाकुर र सूचना तथा प्रविधि शाखाका कर्मचारी ऋषिकुमार झा रहेका थिए ।

उनीहरूले नेपाल पत्रकार महासंघ मधेश प्रदेशको कार्यालयमा गएर घटनाको विस्तृत जानकारी लिएका थिए । यसबाहेक आयोगका कर्मचारीहरूले घाइते पत्रकार तथा सम्बन्धित व्यक्तिहरूसँग पनि जानकारी संकलन गरेका छन् ।

मधेश प्रदेश कार्यालयले आयोगलाई जानकारी दिँदै घटनामा घाइते पत्रकारको विवरण प्रस्तुत गरेको छ । यसअनुसार महासचिव शैलेन्द्र क्रान्तिको खुट्टा भाँचिएको, पत्रकार अनिल कुमार निरालाको आँखा सुनिएको र पत्रकार दिवाकर रायको टाउकोमा गम्भीर चोट लागेको थियो । महिला उपाध्यक्ष ज्योति झा र पत्रकार बिनीता यादवसहित अन्य पत्रकारमाथि पनि लैङ्गिक

*बाँकी पृष्ठ २ मा*


## भुसंरक्षण गरौं ।

**भू-संरक्षणका उपायहरू:**

- ❖गोरेटो बाटो बनाउँदा सिढी बनाऔं,
- ❖खेती गर्दा गहरा बनाइ गरौं,
- ❖भूक्षय रोक्ने रुख, घाँस (अम्रिसो, बाँस) जस्ता बोटविरुवा रोपौं,
- ❖बिना अनुमति गिट्टि, बालुवा, माटो, ढुङ्गा उत्खनन नगरौं,
- ❖सकेसम्म माटोमा रासायनिक मलको प्रयोग नगरौं,
- ❖पानी संरक्षणका उपायहरू अपनाऔं,
- ❖स्थानीय जैविक खेती, कृषि वन विधि अपनाऔं ।

**“माटो बचाऔं, भविष्य जोगाऔं।”**

भंगहा नगरपालिका, महोत्तरी

## युवा सशक्तिकरण गरौं ।

**युवा सशक्तिकरण किनः**

- ❖नेपाली युवालाई सवल, प्रतिस्पर्धी र आत्मनिर्भर बनाउन,
- ❖राज्यका हरेक अंङ्गमा सार्थक सहभागिता सुनिश्चित गर्न,
- ❖स्वस्थ, कर्मठ र उद्यमी युवाअधिकार सुनिश्चित गर्न,
- ❖कर्तव्य प्रति सचेत युवाजनशक्ति निर्माण गर्न,
- ❖समावेशी र सशक्त युवा नेतृत्वको विकास गर्न,
- ❖नेपाललाई आधुनिक, न्यायपूर्ण र समृद्ध राष्ट्र बनाउन।

रामगोपालपुर नगरपालिका
महोत्तरी

## बाढी बारे चासो राखौं, चनाखो बनौं

**बाढी र डुबान हुनुपूर्वको तयारी यसरी गरौं:**

- बर्षायाममा सधैं मोबाईलमा पर्याप्त ब्यालेन्स र ब्याट्री राखौं ।
- बर्षा र बाढीको अवस्थाबारे टोल फ्री नम्बर ११५५ वा रेडियो-टिभीबाट नियमित जानकारी लिने गरौं ।
- प्रहरी, सुरक्षा निकाय र एम्बुलेन्सको नम्बर मोबाईलमा सेभ गरेर राखौं, सकिन्छ भने कण्ठ पारौं ।
- आफ्नो गाउँ-ठाउँ र वडामा सबै मिलेर रबरका डुङ्गा, लाईफ ज्याकेट, डोरी, बाँस र प्राथमिक उपचारका सामाग्रीहरुको जोहो गरेर सुरक्षित राखौं ।
- आपत-विपतका लागि अन्न, दाल, नून, तेल र साबुनजस्ता अत्यावश्यक सामग्री घरको सबैभन्दा अग्लो ठाउँमा राखौं ।
- फिटकिरी वा पानी सफा गर्ने औषधी घरभित्र अग्लो ठाउँमा झुण्डयाई राखौं ।
- नागरिकता, लालपुर्जा, लाईसेन्स, पासपोर्टजस्ता महत्वपूर्ण कागजपत्र, नगद, गरगहना र औषधीजस्ता महत्वपूर्ण सामान प्लाष्टिकले राम्ररी पोको पारेर घरको अग्लो ठाउँमा राखौं ।
- घरबाट नजिक रहेको सबैभन्दा अग्लो ठाउँ, चौर, डिल, सार्वजनिक भवनबारे पहिल्यै थाहा पाईराखौं ।
- टर्च, डोरी, सिट्ठी, लौरोजस्ता सामान सजिलै भेटिने ठाउँमा राखौं ।
- नदीमा बढेको पानी, ड्याम र तटबन्धको अवस्थाबारे बेला बेलामा जानकारी लिदै गरौं ।

विपदबारे चासो राखौं, चनाखो बनौं

गौशाला नगरपालिका, महोत्तरी


खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव'यदुवंशी' (९८५४०२९०५३) E-mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,